# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १७ मितिः २०७९।०९।२६

## भाग - २

शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**<u>स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिती गठन/संचालन कार्यबिधि, २०७९</u>**

स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार गरी शिवराज नगर कार्यपालिकाले यो **<u>स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिती गठन/संचालन कार्यबिधि, २०७९</u>** जारी गरेको छ ।

# स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिती गठन/संचालन कार्यबिधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/०१

**प्रस्तावनाः**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धि कार्यक्रम कार्यन्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति रहने व्यबस्थालाई कार्यन्वयनमा ल्याउन बाञ्छनीय भएकोले,

स्वास्थ्य  बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले स्थानीय तह संयोजक समिति गठन/संचालन कार्यबिधि, २०७९ स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. कार्यविधिको नामः**

(१) स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति गठन/संचालन कार्यबिधि, २०७९ रहनेछ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **ऐन** भन्नाले **स्वास्थ्य बीमा बोर्ड ऐन २०७४** सम्झनुपर्छ ।

(ख) **कार्यक्रम** भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) **नियमावली** भन्नाले स्वास्थ्य सेवा बोर्ड नियमावली, २०७५ सम्झनुपर्छ ।

(घ) **पालिका** भन्नाले शिवराज नगरपालिकालाई जनाउने छ ।

(ङ) **बोर्ड** भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनुपर्छ ।

(च) **संयोजक समिति** भन्नाले नियम २६ बमोजिम शिवराज नगरपालिकाले गठन गरेको स्वास्थ्य बीमा संयोजक समिति सम्झनुपर्छ ।

## परिच्छेद २
## समितिको गठन

**३. संयोजक समिति गठनः**

(१) नियम २६ बमोजिम शिवराज नगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्ने देहाय बमोजिमको पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति रहने छ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर प्रमुखले मनोनित गरेको (बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष) - सदस्य

(ग) नगर प्रमुखले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था - सदस्य

(घ) नगर प्रमुखले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभब हासिल गरेका - सदस्य

(ङ) महिला स्वास्थ्य स्वयं सेविका - सदस्य

(च) शाखा प्रमुख स्वास्थ्य बीमा बिषय हेर्ने - सदस्य

(छ) दर्ता अधिकारी स्वास्थ्य बिमा बोर्ड (सम्बन्धित पालिका) - सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिब

(२) संयोजक समितिको बैठक आबश्यकता अनुसार बर्षको कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिबले बैठकको कार्य सुची संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्ने छ।

(५) बैठकमा कुनै खास बिषय बिज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्य सुची सामान्यतया तीन दिन अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिबले बैठकको निर्णय प्रमाणित गर्ने छन।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित बमोजिम बैठक भत्ता पाउनेछन ।

(९) सचिवालयको काम सम्बन्धित पालिकाको कार्यालयले गर्ने छ।

३. **काम, कर्तब्य र अधिकारः** संयोजक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) पालिकाको क्षेत्रभित्र कार्यक्रम बिस्तार गर्न प्रबर्धनात्मक कार्यमा सहयोग गर्ने।

(ख) पालिका अन्तरगतका सरकारी, सार्बजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको ब्यबस्था गरी कार्यक्रममा आबद्ध गर्ने,

(ग) अति गरिब परिवारलाई कार्यक्रममा आबद्ध गर्न पालिका र बीमा बोर्ड बीच समझदारी गर्ने,

(घ) नसर्ने रोगका लागि कार्यक्रमले दिई आएको सुबिधा उपलब्ध गराउन वा बृद्धि गर्ने गराउने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने,

(च) पालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धि गर्ने गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गत संचालित आधारभूत स्वास्थ्य सेवा अस्पतालबाट संचालित फार्मेसीमा उपलब्ध हुने ब्यबस्थामा सहयोग गर्ने गराउने,

(ज) स्वास्थ्य संस्थामा चिकित्सकको उपलब्धता हुने ब्यबस्था गर्ने गराउने,

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तरता, स्तरोन्नति र पुर्बाधार अभिबृधिमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसंग समन्वय गर्ने,

(ट) संयोजक समितिले आबश्यक देखेका बीमा कार्यक्रमसंग सम्बन्धित अन्य बिषयहरु।

४. **बजेटः** स्वास्थ्य बीमा समायोजन समितिको सचिवालय संचालनको लागि आवश्यक खर्चको ब्यबस्था पालिकाले गर्नु पर्नेछ।

**परिच्छेद ३**

**बिबिध**

५. **कार्यबिधि संसोधनः** पालिकाले यस कार्यबिधिमा आबश्यक संशोधन गर्न सक्नेछ।

६. **बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यबिधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा पालिकाले निर्णय गरि बाधा अड्काउ फुकाउन सक्नेछ।

७. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यबिधिमा लेखिएको बिषयमा यसै कार्यबिधि बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएको कुनै बिषय प्रचलित कानूनसंग बाझीएमा बाझीएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**